जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १९ २०८० साल साउन २३ गते मंगलबार (8 Aug. 2023 Tuesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : गत आवमा यस्तो देखियो.. ३ पृष्ठमा : उस्तै छ, जातीय भेदभाव... ३ पृष्ठमा : भारतीय लोकसभा सचिवालयद्वारा ...

## तीन वर्षभित्र राजरंगशालालाई पूर्ण रुपमा निर्माण गरि राष्ट्रिय प्रतियोगिता गराउने लक्ष्य : शिक्षा मन्त्रि यादव



**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्रि महेश प्रसाद यादवले सप्तरीको खेलकुद क्षेत्रमा विकासका लागि चालु आ.ब.मा १ करोड ७५ लाख रकम बिनियोजित गरेको जानकारी दिएका छन् ।

सोमबार सप्तरी क्रिकेट संघको चौथो साधारण सभाको उद्घाटन सत्रमा प्रमुख अतिथिको आसन्नबाट बोल्दै उनले सो जानकारी दिएका हुन् ।

मन्त्रि यादवले राजविराजस्थित पविमाविको खेल मैदानको स्तरोन्नतीका लागि ५० लाख तथा राजरंशालाको पुर्ननिर्माणका लागि १ करोड रकम बिनियोजित गरेको बताए । उनले राजविराज वडा नं. २ मा क्रिकेट ऐकेडेमीका लागि २५ लाख रकम समेत बिनियोजित गरेको जानकारी दिए ।

सभामा बोल्दै उनले राजरंगशालालाई तीन वर्षभित्र पूर्ण रुपमा खेलमैदानको लागि तैयारी गर्ने लक्ष्य राखेको बताए । मधेश प्रदेश सरकारले ११ औं राष्ट्रिय प्रतियोगिता गराउन जिम्मा पाएकोमा सोही अनुसार तीन वर्षभित्र रंगशालालाई पूर्ण रुपमा निर्माण गरि उक्त प्रतियोगिता गराउने आफ्नो लक्ष्य रहेको उनको भनाई थियो ।

यस्तै वडा नं. २ मा क्रिकेट ऐकेडेमी निर्माण भएपछि भविष्यमा त्यसलाई प्रदेश स्तरिय ऐकेडेमीको रुपमा विकास गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । सोही सभामा मन्त्रि यादवले खेलकुद ऐन यसै महिनाभित्र निर्माण भइसकेपछि खेलकुद क्षेत्रमा विकास गर्न सहज हुने बताए ।

मन्त्रि यादवले खेलकुद ऐन निर्माण भइसकेपछि प्रदेश र जिल्ला स्तरिय खेलकुद विकास समितिमा हुने गरेको राजनीतिक भर्ति केन्द्र पूर्णरुपले बन्देज लगाउने बताउँदै ती समितिहरुमा खेलकुदमा लागेका व्यक्तिहरुलाई मात्र

*बाँकी अन्तिम पृष्ठमा*

## आपत्तिजनक अभिव्यक्ति दिने अधिवक्ता पाण्डेबिरुद्ध तामाङ र मगर समुदायको प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

मगर र तामाङ समुदायका बिरुद्ध आपत्तिजनक अभिव्यक्ति दिने अधिवक्तामाथी कडा कारवाहीको माग गर्दै राजविराजमा सोमबार प्रदर्शन गरिएको छ ।

नेपाल मगर संघ र नेपाल तामाङ धेदुङ जिल्ला समिति सप्तरीको अगुवाईमा जिल्ला प्रशासन कार्यालय अगाडी सप्तरी अगाडी धर्ना दिइएको थियो ।

धर्ना पश्चात् प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापामार्फत गृहमन्त्रीलाई तीन बुँदे ज्ञापनपत्र समेत पठाइएको छ । धर्नामा सहभागि भएकाहरुले काठमाडौं महानगरपालिका ११ बस्ने अधिवक्ता भगवती पाण्डेले तामाङ र मगर जातीको मान, सम्मान र प्रतिष्ठामा आँच पुऱ्याउने खालको अभिव्यक्ति दिएको भन्दै उनी बिरुद्ध कडा कारवाहीको माग गर्दै चर्को नाराबाजी गरेका थिए ।

नेपाल मगर संघ जिल्ला समितिकी अध्यक्ष साधना राणामगर तथा नेपाल तामाङ धेदुङ जिल्ला समिति सप्तरीका अध्यक्ष सुर्यमान सिंङदान तामाङको अगुवाईमा प्रमुख जिल्ला अधिकारी थापामार्फत गृहमन्त्रीलाई पठाइएको पत्रमा तामाङ र मगर समुदायलाई अपराधीकरण गर्ने गरि विवादास्पद् अभिव्यक्ति दिने अधिवक्ता पाण्डेलाई कानुन बमोजिम कडा कारवाही हुनुपर्ने, शान्तिपूर्ण आन्दोलनमा अनावश्यक बल प्रयोग गर्ने जिल्ला प्रहरी परिसर टेकुका प्रमुखसहित संलग्न अन्य प्रहरीलाई कारवाही गर्नुपर्ने तथा आन्दोलनका क्रममा प्रहरीको दमनबाट घाइते भएका अदिवासी जनजातीका अभियन्ताहरुलाई उपचार खर्चसहित उचित क्षतिपूर्ती दिनुपर्ने माग गरिएको छ ।

पत्रमा मगर र तामाङ समुदायबिरुद्ध विवादास्पद् अभिव्यक्ति दिने अधिवक्ता पाण्डेमाथी कारवाहीको माग गर्दै साउन १७ गते काठमाडौंमा भएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले अनावश्यक बल प्रयोग गरेको र नियन्त्रणमा लिएर चरम यातना दिएको उल्लेख गरिएको छ ।

## करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सप्तरीको रुपनी गाउँपालिकामा आइतबार एक महिलाको करेन्ट लागेर मृत्यु भएको छ ।

वडा नं. ५ घुरगाम टोल बस्ने उपेन्द्र रामकी ५१ वर्षिया श्रीमती पानो देवी रामको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नै धान खेतमा पानी पटाउन मोटरको तार जोड्ने क्रममा उनलाई करेन्ट लागेको थियो ।

यसअघि सप्तरीमा विगत १५ दिनमा तीन जनाको पानी पटाउने क्रममा मोटरबाट करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## पार्किङ गरि राखिएको मोटरसाइकलमै बिजुलीको पोल ढल्यो



**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सोमबार दिउँसो वर्षा भइरहेको बेला राजविराजस्थित राजरंगशालाको पर्खाल छेउमा गाडिएको बिजुलीको पोल ढलेको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडीको सडक छेउमा पार्किङ गरि राखिएको मोटरसाइकलमै बिजुलीको पोल ढलेको हो ।

काम विशेषले सो कार्यालयमा आएका सेवाग्राहीहरुले कार्यालय बाहिर रंगशालाको पर्खाल छेउमा पार्किङ गरि राखेका मोटरसाइकलमाथी नै बिजुलीको पोल ढल्दा झण्डै एक दर्जन मोटरसाइकलमा क्षति पुगेको छ ।

प्रत्यक्षदर्शीका अनुसार सडक छेउ पार्किङ गरिएका मोटरसाइकल माथी नै बिजुलीको पोल ढल्दा त्यहा वरिपरिका रहेका मानिसहरुमा भागाभाग भएको थियो । पार्किङ गरि राखिएको ती मोटरसाइकलमा अचानक पोल ढल्दा मानविय क्षति भने नभएको प्रत्यक्षदर्शीहरुले बताएका छन् ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टाढौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### न्यायिक समिति बारे अझै अनभिज्ञ

स्थानिय तह अन्तरगत न्यायिक समिति बारे अझै मानिसहरु अनभिज्ञ छन् । स्थानिय पालिका अन्तरगत उपमेयर/उपप्रमुख संयोजक रहने गरि तीन सदस्यीय समितिले अन्य अदालत जस्तै न्याय दिने बारे अझै जनताले अझै बुझ्न सकेका छैनन् । सरकारले स्थानिय तहमै विभिन्न मुद्दा छिनोफानोका लागि न्यायिक समितिको गठन गरेको हो । तर, पनि यस समितिमा मुद्दा आउनुको साटो प्रहरी र अदालतमा अहिले पनि सानो भन्दा सानो मुद्दा दर्ता हुने गरेको छ । न्यायिक समितिको बारेमा स्थानियस्तरमा पहुँच नहुनुले मुद्दाहरु अदालत जाने गरेको हुनसक्छ ।

सप्तरी जिल्लाका अदालतहरुमा सानो भन्दा सानो जालझेल, जग्गा सम्बन्धी, झगडा लगायतका अन्य विभिन्न खाले मुद्दाहरु दिनहुँ दर्ता हुने गरेको छ । समाजबाटै समाधान हुने खालका मुद्दाहरु पनि अदालतमा दर्ता हुने गरेको पाइएको छ । यस जिल्लालाई बढी जग्गा खिचलो तथा जग्गा सम्बन्धीको मुद्दा दर्ता हुने गरेको छ । यस्ता मुद्दाहरुको छिनोफानो हुन निकै समय लाग्ने गर्दा पनि आफ्नो जुंगाको लडाईलाई कायम राख्न पनि दर्ता गर्ने गरिन्छ ।

तसर्थ स्थानिय निकायहरुले न्यायिक समितिको काम, कर्तव्य र विश्वसनियता बारे अभियान नै संचालन गर्नु पर्ने अवस्था आएको छ । यस सम्बन्धी जनतालाई जागरुक गर्न सबै पालिकाले जनचेतना दिनु पनि उत्तिकै आवश्यक छ । अनिमात्र यसप्रति जनताको विश्वास बढ्ने छ ।

# गत आवमा यस्तो देखियो वाणिज्य बैंकको वित्तीय स्वास्थ्य

काठमाडौं, २२ साउन (रासस) ।

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता पाएका वाणिज्य बैंकहरुले गत आर्थिक वर्ष २०७९/८० को आफ्नो वार्षिक वित्तीय विवरण सार्वजनिक गरिसकेका छन् । उनीहरुको वार्षिक वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा खुद मुनाफा उल्लेख्य रुपमा बढेको छ । वितरणयोग्य मुनाफा भने घटेको छ ।

त्यस्तै गत आवको तेस्रो त्रैमाससम्ममा निरन्तर बढ्दो क्रममा देखिएको खराब कर्जा चौँथौ त्रैमासमा भने केही घटेको देखिएको छ । यद्यपि वाणिज्य बैंकको खराब कर्जाको स्थितिमा पर्याप्त सुधार भइसकेको छैन । गत आवको अन्तिमसम्ममा वाणिज्य बैंकमा देखिएको खुद मुनाफा, प्रतिशेयर आम्दानी, खराब कर्जा, स्प्रेडदर र चुक्ता पुँजीलगायतका सूचकको अवस्था यहाँ उल्लेख गरिएको छ ।

**खुद मुनाफा**

गत आव २०७९/८० मा वाणिज्य बैंकहरुले रू ७० अर्ब १७ करोड बराबर खुद नाफा कमाएका छन् । वाणिज्य बैंकहरुको वितरणयोग्य मुनाफा भने कम छ । गत आवमा नबिल बैंक लिमिटेडको नाफा रू सात अर्ब ५२ करोड ७१ लाख बराबर छ । अघिल्लो आवमा रू चार अर्ब २५ करोड ६० लाख बराबर नबिल बैंकले गतवर्षको तुलनामा रू तीन अर्ब १७ करोड १० लाख बराबरले नाफा बढाएको हो ।

गत आवमा बढी नाफा कमाउने बैंकहरुको सूचिमा ग्लोबल आइएमई बैंक लिमिटेड दोस्रो नम्बरमा छ । अघिल्लो आवमा रू चार अर्ब ९५ करोड ९२ लाख बराबर नाफा गरेको ग्लोबल आइएमई बैंकले गत आवमा रू सात अर्ब २५ करोड ३४ लाख नाफा कमाएको छ । गत आवमा बढी नाफा कमाउने वाणिज्य बैंकको सूचिमा राष्ट्रिय वाणिज्य बैंक तेस्रो स्थानमा छ । अघिल्लो आवमा रू चार अर्ब २९ करोड २८ लाख बराबर वार्षिक नाफा कमाएको वाणिज्य बैंकले गत आव रू चार अर्ब ९१ करोड ७१ लाख बराबर कमाएको छ ।

नाफा बढी कमाउने वाणिज्य बैंकको सूचिमा एनआइसी एसिया बैंक चौंथौ नम्बरमा छ । एनआइसी एसिया बैंकले गत आवमा रू चार अर्ब ६५ करोड १३ लाख बराबर नाफा कमाएको छ । चार अर्बभन्दा माथि नाफा कमाउने अर्को बैंक नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड बैंक छ । इन्भेष्टमेन्ट मेगा बैंकले गतवर्ष रू चार अर्ब ६५ करोड १३ लाख बराबर कमाएको छ ।

रू तीन अर्बभन्दा माथि र रु चार अर्बभन्दा कम वार्षिक नाफा कमाउने बैंकको सङ्ख्या सात छ । गत आवमा स्टाण्डर्ड चार्टर्डस् बैंकले रू तीन अर्ब ५२ करोड ५४ लाख, नेपाल बैंक लिमिटेडले रू तीन अर्ब ४१ करोड १५ लाख, एनएमबी बैंकले रू तीन अर्ब ४१ करोड चार र एभरेष्ट बैंकले रू तीन अर्ब ३९ करोड ९१ लाख नाफा कमाएका छन् ।

त्यस्तै हिमालयन सिभिल बैंकले रू तीन अर्ब २६ करोड ६१ लाख, सिद्धार्थ बैंकले रू तीन अर्ब १९ करोड एक लाख र कृषि विकास बैंकले रू तीन अर्ब नौ करोड ९३ लाख नाफा कमाएका छन् । छ वाणिज्य बैंकले रू दुई अर्बदेखि रू तीन अर्बको बीचमा नाफा कमाएका छन् भने दुई वाणिज्य बैंकको नाफा रू दुई अर्बभन्दा कममा खुम्चिएको छ ।

गत आवमा प्रभु बैंकले रू दुई अर्ब ८२ करोड ५२ लाख, सानिमा बैंकले रू दुई अर्ब ६१ लाख ९२ करोड र प्राइम कमर्सियल बैंकले रू दुई अर्ब २६ करोड ३१ लाख बराबर नाफा कमाएका छन् । लक्ष्मी सनराइज बैंकको नाफा रू दुई अर्ब २६ करोड १८ लाख, नेपाल एसबिआई बैंकको नाफा रू दुई अर्ब २४ करोड १६ लाख र सिटिजन्स बैंकको नाफा रू दुई अर्ब २१ करोड ४४ लाख बराबर छ । गत आवमा कुमारी बैंकले रू एक अर्ब ९५ करोड ७१ लाख र माछापुच्छ्रे बैंकले रू एक अर्ब ८५ करोड ११ लाख बराबर नाफा कमाएका छन् ।

**प्रतिशेयर आम्दानी**

वाणिज्य बैंकमध्ये प्रतिशेयर आम्दानीका आधारमा एनआइसी एसिया बैंक पहिलो र स्टाण्डर्ड चार्टर्डस् बैंक दोस्रो तथा राष्ट्रिय वाणिज्य बैंक तेस्रो स्थानमा छ । एनआइसी एसिया बैंकको प्रतिशेयर आम्दानी रू ४० दशमलव २२ बराबर छ । स्टाण्डर्ड चार्टर्डस् बैंकको प्रतिशेयर आम्दानी रू ३७ दशमलव ३९ छ भने राष्ट्रिय वाणिज्य बैंकको रू ३३ दशमलव ९६ बराबर छ ।

त्यस्तै एभरेष्ट बैंकको रू ३१ दशमलव ७२, नबिल बैंकको रू २७ दशमलव ८२, नेपाल बैंकको रू २३ दशमलव २२, सिद्धार्थ बैंकको रू २२ दशमलव ६४ र नेपाल एसबीआई बैंकको रू २२ दशमलव १४ रहेको छ ।

सानिमा बैंकको प्रतिशेयर आम्दानी रू २१ दशमलव शुन्य दुई, कृषि विकास बैंकको रू २० दशमलव ६२, ग्लोबल आईएमई बैंकको रू २० दशमलव २८, लक्ष्मी सनराइज बैंकको रू १९ दशमलव ४४, एनएमबी बैंकको रू १८ दशमलव शुन्य पाँच र माछापुच्छ्रे बैंकको रू १५ दशमलव शुन्य पाँच रहेको छ । गत आवको नाफाबाट नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको प्रतिशेयर आम्दानी रू १६ दशमलव शुन्य सात, सिटिजन्स बैंकको प्रतिशेयर आम्दानी रू १५ दशमलव ५९ र हिमालयन बैंकको प्रतिशेयर आम्दानी रू १५ दशमलव शुन्य आठ रहेको छ ।

त्यस्तै प्रभु बैंकको रू १२, प्राईम कमर्सियल बैंकको रू ११ दशमलव ६६ र कुमारी बैंकको रू सात दशमलव ४६ बराबर रहेको छ ।

**खराब कर्जा**

कुमारी बैंकको खराब कर्जा सबैभन्दा धेरै चार दशमलव ७७ प्रतिशत बराबर छ । हिमालयन बैंकको चार दशमलब ५७ प्रतिशत, इन्भेष्टमेन्ट बैंक मेगा बैंकको चार दशमलव ३५ प्रतिशत र प्राइम बैंकको चार दशमलव २३ प्रतिशत बराबर रहेको छ । प्रभु बैंकको खराब कर्जा चार दशमलव १६ प्रतिशत बराबर छ । त्यस्तै नबिल बैंकको तीन दशमलव दुई प्रतिशत, ग्लोबल आइएमई बैंकको तीन दशमलव शुनय आठ प्रतिशत र सिटिजन्स बैंकको तीन दशमलव १९ प्रतिशत बराबर छ ।

राष्ट्रिय वाणिज्य बैंकको खराब कर्जा दुई दशमलव ९५ प्रतिशत, नेपाल बैंकको दुई दशमलव ८५ प्रतिशत, एनएमबी बैंकको दुई दशमलव ७२ प्रतिशत, कृषि विकास बैंकको दुई दशमलव ४८ प्रतिशत, लक्ष्मी सनराइज बैंकको दुई दशमलव २८ प्रतिशत, नेपाल एसबीआई बैंकको दुई दशमलव ४३ प्रतिशत र माछापुच्छ्रे बैंकको दुई दशमलव १२ प्रतिशत रहेको छ ।

त्यस्तै स्टाण्डर्ड चार्टर्डस् बैंकको खराब कर्जा एक दशमलव १७ प्रतिशत, सिद्धार्थ बैंकको एक दशमलव शुन्य सात प्रतिशत, सानिमा बैंकको एक दशमलव तीन प्रतिशत, एनआइसी एसिया बैंकको शून्य दशमलव आठ प्रतिशत र एभरेष्ट बैंकको शून्य दशमलव ७९ प्रतिशत बराबर रहेको छ ।

**स्प्रेडदर**

बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जाको ब्याजदर र सङ्कलन गर्ने निक्षेपको ब्याजदरको अन्तर स्प्रेडदर हो । नबिल र इन्भेष्टमेन्ट मेगा बैंकको स्प्रेडदर चार दशमलव ९९ प्रतिशत छ । कुमारी बैंकको चार दशमलव ९८, ग्लोबल आइएमई बैंकको चार दशमलव ९६, प्रभु बैंकको चार दशमलव ८६, हिमालयन बैंकको चार दशमलव ७९ र लक्ष्मी सनराइज बैंकको चार दशमलव ४२ प्रतिशत बराबर छ ।

स्टाण्डर्ड चार्टर्डस, सिटिजन्स र सानिमा बैंकको स्प्रेडदर चार प्रतिशत छ । राष्ट्रिय वाणिज्य बैंकको तीन दशमलव ९८, एनआइसी एसिया बैंकको तीन दशमलव ९९, नेपाल बैंकको तीन दशमलव ९५, एनएमबीको तीन दशमलव ९९ र एभरेष्ट बैंकको तीन दशमलव ९७ प्रतिशत स्प्रेडदर रहेको छ । सिद्धार्थ बैंकको तीन दशमलव ९९, कृषि विकास बैंकको तीन दशमलव ९४, प्राईम बैंकको तीन दशमव ९८, नेपाल एसबीआई बैंकको तीन दशमलव ९९ र माछापुच्छ्रे बैंकको तीन दशमलव ९५ प्रतिशत बराबर छ ।

**चुक्ता पुँजी**

चुक्ता पुँजीका आधारमा अहिले ग्लोबल आइएमइ बैंक सबैभन्दा ठूलो बैंक हो । गत असार मसान्तसम्ममा ग्लोबल आइएमई बैंकको चुक्ता पुँजी रू ३५ अर्ब ७७ करोड बराबर छ । चुक्ता पुँजीका आधारमा दोस्रो स्थानमा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको रू ३४ अर्ब १२ करोड र तेस्रो स्थानमा रहेको नबिल बैंकको रू २७ अर्ब पाँच करोड बराबर रहेको छ । कुमारी बैंकको चुक्तापुँजी रू २६ अर्ब २३ करोड, प्रभु बैंकको रू अर्ब ५४ करोड, हिमालयन बैंकको रू २१ अर्ब ६५ करोड र लक्ष्मी सनराइज बैंकको रू २१ अर्ब ६७ करोड रहेको छ ।

त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकको रू १५ अर्ब ६३ करोड, एनआइसी एसिया बैंकको रू ११ अर्ब ५६ करोड, स्टाण्डर्ड चार्टर्डस् बैंकको रू नौ अर्ब ४२ करोड, नेपाल बैंकको रू १४ अर्ब ६९ करोड र एनएमबी बैंकको रू १८ अर्ब ३६ करोड बराबर रहेको छ । त्यस्तै एभरेष्ट बैंकको रू १० अर्ब ६९ करोड, सिद्धार्थ बैंकको रू १४ अर्ब आठ करोड, कृषि विकास बैंकको रू १८ अर्ब ८८ करोड, सानिमा बैंकको १२ अर्ब ४६ करोड, प्राईम बैंकको १९ अर्ब चार करोड, नेपाल एसबीआई बैंकको रू १० अर्ब १२ करोड, सिटिजन्स बैंकको रू १४ अर्ब दुई करोड र माछापुच्छ्रे बैंकको रू १० अर्ब २५ करोड बराबर चुक्ता पुँजी रहेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# उस्तै छ, जातीय भेदभाव तथा छुवाछूत

काठमाडौँ, २२ साउन (रासस)।

बझाङ जिल्लाको वित्थडचीर गाउँपालिका-७ स्यालढुङ्गास्थित बाहुनबस्ती नजिकै स्थानीय पुड्के ओखेडाले २५ वर्षअघि अलिकति जग्गा खरिद गर्नुभएको थियो। उहाँले आफ्नै नाममा लालपुर्जा भएको त्यो जमिनमा घर बनाएर बस्ने सोच बनाउनुभयो। घर बनाउन सुरु पनि गर्नुभयो तर घर आधा बनाउँदै गर्दा स्थानीय गैरदलितहरुले आफ्नो घरको नजिक दलितले घर बनाएको भन्दै भत्काइदिए।

आफ्नै जमिनमा घर निर्माण गर्न लाग्दा यही साउन १० गते स्थानीय कथित उपल्लो जात भन्नेहरुको झण्डै ४० बढीको समूहले दलित भएकै कारण 'हाम्रो घर नजिक किन घर बनाएको' भन्दै उहाँको निर्माणाधीन घर भत्काएका थिए। पच्चीस वर्षअघि खरिद गरेको आफ्नो जमिनमा घर निर्माण गर्न खोज्दा भत्काउने मात्र होइन पीडित ओखेडाको बालीनाली समेत नष्ट गर्ने र कुटपिट तथा गालीगलौज पनि गरियो। पीडित ओखेडाले भन्नुभयो, "मेरो नाममा रहेको जमिन हो, यहाँका उपल्लो जातका भन्नेहरुले बन्दै गरेको घर भत्कार, बालीनाली नष्ट गरेर दलित, तल्लो जात भनेर अनेक गालीगलौज गरे।"

कैलाली जिल्लाको गैरीगङ्गा नगरपालिका-७ की सरस्वती खड्का र गोदावरी नगरपालिका-९ का सुरेश विश्वकर्माको बीचमा २०७९ फागुन २९ गते अन्तरजातीय विवाह भएकामा उहाँहरुलाई पछिल्लो समयमा काठमाडौँस्थित गौशाला प्रहरी वृत्तका प्रहरी स्वंयले 'खड्काकी छोरी भएर कामीसँग विवाह गर्न लाज लाग्दैन' भन्दै दुर्व्यबहार गरेका थिए। यस घटनाले सुरेश र सरस्वती दुवै मानसिक तनावमा छन् भने सुरेशको आमा र भाइ कैलालीमा सुरक्षाको माग गरिरहेका छन्।

जुम्ला जिल्लाको तातोपानी गाउँपालिका-४ गिडीखोलाका २१ वर्षीय मुकुन्द नेपाली र सोही स्थानकी बसन्ती गिरीबीचको प्रेम सम्बन्धलाई लिएर यही असार १५ गते मुकुन्द नेपालीको घरमा आगजनी गरिएको घटना छ। प्रेम सम्बन्धको विषयलाई लिएर मुकुन्दको घरमा केटी पक्षका आफन्तले रातको समयमा आगजनी गरेका थिए। सो आगजनीबाट मानवीय क्षति नभए पनि पीडित नेपालीको घर पूर्ण रुपमा क्षतिग्रस्त भएको छ। उक्त घटनाका कारण गिडिखोलाका करिब २८ घरधुरी दलित समुदाय अहिले पनि त्रसित अवस्थामा छन्। जातीय भेदभाव तथा छुवाछूतका यी घटनाहरु उदाहरण मात्रै हुन्।

संविधानको प्रस्तावनामै 'सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने' भनिए पनि जातीय भेदभाव तथा छुवाछूतका घटनाहरु देशैभरि भइरहेका छन्। वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका संयोजक विश्वभक्त दुलाल 'आहुती' ले दलित समुदायको आर्थिक र सामाजिक अवस्थामा सुधार नआएसम्म उनीहरुले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछूतको समस्या समाधान हुन नसक्ने बताउनुभयो।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरेको छ। सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ। तर कूल जनसङ्ख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको छ। सदियौँदेखि आर्थिक, सामाजिक र राजनीतिक रुपमा पछाडि पारिएको दलित समुदायले सांस्कृतिक रुपमा जरा गाडेर बसेको छुवाछूतको शिकार बन्नु परेको छ।

छुवाछूत मात्रै नभएर दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकलगायत समग्र समस्यालाई एकमुस्ट रुपमा समाधान गर्नुपर्ने संयोजक 'आहुती' को भनाइ छ। नेपालको संविधान २०७२ को धारा २४ 'छुवाछूत तथा भेदभाव विरुद्धको हक' (१) मा 'कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन' भनिएको छ। नेपाल दलित महिला उत्थान संघ (एड्वान) की अध्यक्ष विन्दु परियारले आजको २१औँ शताब्दीमा पनि जातीय भेदभाव तथा छुवाछूतका कारण दलित समुदायले अमानवीय व्यवहार भोग्नुपर्ने अवस्था सिर्जना हुनु विडम्बनाको विषय भएको टिप्पणी गर्नुहुन्छ। संविधान, ऐन/कानून, नीति नियम विपरित देशैभरी दलित समुदायमाथि विभेदका घटना बढ्दै जानु दुःखको कुरा भएको उहाँको भनाइ छ।

संविधानको धारा २४ (३) मा 'उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्साउने, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन' भनिएको छ। तर यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

संविधानको धारा ४० मा 'दलितको हक' को व्यवस्था गरिएको छ। जातीय भेदभाव तथा छुवाछूत अन्त्यका निम्ति ऐन/कानून, नीति/नियम नभएको पनि होइन। तत्कालीन प्रधानमन्त्री झलनाथ खनालको पालामा 'जातीय भेदभाव तथा (कसूर र सजाय ऐन, २०६८' जारी भएको आज १२ वर्ष भइसकेको छ। तर ऐनको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। ऐन लागू भए पनि पानी छोएको, चुलो छोएको निहुँमा र अन्तजातीय विवाह गरेका कारण मनविरे सुनार (कालिकोट), शिवशंकर दास (सप्तरी), सेते दमाई (दैलेख), झुमा विक (ताप्लेजुङ), संगीता परियार (तनहुँ), राजेश नेपाली (पर्वत), अस्मिता सार्की (झापा), लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालिकोट), रुपमति कुमारी दास (मोरङ), दितिया रेग्मा रसाइली (धनुषा), माया विक (कैलाली), टिकाराम नेपाली (रुकुम), अंगिरा पासी (रुपन्देही) र नवराज विक (जाजरकोट) लगायत करिब २० जना दलित सुमदायका व्यक्तिको मृत्यु भएको छ। यी घटनाका अधिकांश पिडितले अहिलेसम्म पनि न्याय पाउन सकेका छैनन्।

अन्तरजातीय विवाह गरेका कारण २०७३ सालमा पाँचखाल काभ्रेका अजित मिजारको हत्या गरिएको थियो। मिजारले नजिकै गाउँ ज्याम्दीकी पराजुली थरकी किशोरीसँग २०७३ असार २५ गते प्रेम विवाह गरेका थिए। केटी पक्षको व्यापक दबाबका कारण दुई दिनमै उनीहरुको विवाह टुट्यो। असार २९ गते अजित सम्पर्कविहीन भए। भोलिपल्ट धादिङ, परेवाटारको जङ्गलमा उनी झुन्डिएको अवस्थामा फेला परे। उनको शव अहिले पनि शिक्षण अस्पताल, महाराजगञ्जमा न्यायको पर्खाइमा छ।

जातीय भेदभाव तथा (कसूर र सजाय) ऐन, २०६८ मा 'कसैले पनि जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गर्न वा गराउन हुँदैन' भनिएको छ। ऐनमा उल्लेख गरिएको छ, 'कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै काम गरे वा गराएमा जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गरेको मानिने छ।'

नेकपा (माओवादी केन्द्र) का पोलिटब्युरो सदस्य परशुराम रम्तेलले अहिले पनि प्रशासनिक निकायले ऐनबारे अनविज्ञता प्रकट गरिरहेको सन्र्दभमा राज्यले नै ऐनको बारेमा प्रचार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने माग गर्नुहुन्छ। ऐनमा ऐन बमोजिम कसूर गरेको ठहरेमा अदालतले कसुरदारबाट पिडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था गरेको छ। कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रुपैयाँ जरीवाना हुने पनि व्यवस्था गरेको छ।

नेकपा (एकीकृत समाजवादी) का नेता गणेश विकले कानूनको पालन गर्न गराउन सुरक्षामा खटिएका प्रहरी स्वयंबाट कानून उल्लङ्घन भइरहेको सन्दर्भ उल्लेख गर्दै कानून कार्यान्वयन गर्ने निकायमा दलित समुदायको समान सहभागिताको माग गर्नुभयो। संविधानको धारा ४० (१) मा 'राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ' भनिएको छ।

संविधानको धारा ४२ (१) र

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### भारतीय लोकसभा सचिवालयद्वारा गान्धीको सांसद सदस्यता पुनःबहाली

नयाँदिल्ली, २२ साउन (रासस/एएनआई)।

'मोदी' उपनामको टिप्पणी गरेको मुद्दामा गुजरात उच्च अदालतबाट दोषी ठहरिएका राहुल गान्धीको सदस्यतालाई लोकसभा सचिवालयले सोमबार पुनःबहाली गरेको छ।

भारतको सर्वोच्च अदालतले गत हप्ता (सन् २०२३ अगस्ट ४) मा गरेको एक फैसलाले गान्धीको पुनरावेदनमाथि उहाँविरूद्धको सजाय र वायनाडबाट निर्वाचित सांसद सदस्य निलम्बनको निर्णय रोक्न आदेश सुनाएको थियो।

सर्वोच्चको फैसलाका आधारमा लोक सभा सचिवालयले सोमबार गान्धीको वायनाडबाट लोक सभाका लागि भएको प्रतिनिधित्वलाई पुनःबहाली गरेको हो।

"२४ मार्च, २०२३ को अधिसूचना नं २१/४(३)/२०२३/टीओ (बी) को निरन्तरतामा, भारतको सर्वोच्च अदालतले सन् २०२३ अगस्ट ४ मा विशेष अपील अनुमति (सीआरएल) नम्बर ८६४४/२०२३ मा एक आदेश पारित गरेको छ, जसले केरलाको वायनाड संसदीय निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने लोकसभा सदस्य राहुल गान्धीको दोषसिद्धिमा रोक लगाएको छ," लोकसभा सचिवालय द्वारा जारी एक आधिकारिक अधिसूचनामा भनिएको छ।

"भारतको सर्वोच्च अदालतको अगस्ट ४ को आदेशलाई ध्यानमा राख्दै, राहुल गान्धीको अयोग्यताको लागि, १४ मार्च, २०२३ को राजपत्र अधिसूचना नम्बर २१/४ (३)/२०२३/टीओ (बी) द्वारा अधिसूचित गरिएको भारतको संविधानको धारा १०२ (१) (ई) को प्रावधानको साथ जन प्रतिनिधित्व अधिनियमको १९५१, धारा ८ बमोजिम थप न्यायिक निर्णयको अधीनमा रहेर काम गर्ने व्यवस्था रोकिएको छ।"

सर्वोच्च अदालतले शुक्रबार एक अन्तरिम आदेश जारी गर्दै 'मोदी उपनाम' टिप्पणीलाई लिएर आपराधिक मानहानिको मुद्दामा गान्धीको सजायमा रोक लगाएको थियो।

गुजरात उच्च अदालतको आदेशलाई चुनौती दिने काङ्ग्रेस नेताको अपिलमा सर्वोच्च अदालतले जुलाईमा गुजरात सरकार र उजुरीकर्तालाई सूचना जारी गरेको थियो।

उक्त अदालतले यसअघि आफ्नो आदेशमा राहुललाई 'मोदी उपनाम' को टिप्पणीका कारण सुरत अदालतले दुई वर्षको जेल सजाय सुनाएको आपराधिक मानहानिको मुद्दामा उहाँको सजाय रोक्न अस्वीकार गरेको थियो। यस मुद्दामा दोषी ठहर भएपछि गान्धीलाई मार्च २४ मा केरलाको वायनाडबाट सांसदपदका लागि अयोग्य घोषित गरिएको थियो।

### दक्षिण एसियाका तीन चौथाइ बालबालिका अत्यधिक गर्मीको सामना गर्दै : संयुक्त राष्ट्रसंघ

नयाँदिल्ली, २२ साउन (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले जलवायु परिवर्तनको प्रभाव बढ्दै जाँदा दक्षिण एसियाका तीन चौथाइ बालबालिकाले खतरनाक उच्च तापक्रमको सामना गर्नु परिरहेको चेतावनी दिएको छ। संयुक्त राष्ट्रसङ्घीय बालबालिकासम्बन्धी निकाय (युनिसेफ) का अनुसार दक्षिण एसियामा करिब ४६ करोड बालबालिका अत्यधिक गर्मीको मारमा परेका छन्।

युनिसेफका दक्षिण एसिया क्षेत्रीय निर्देशक सञ्जय विजसेकेराले भन्नुभयो, "विश्व नै जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट उथलपुथलको चपेटामा परिरहेको अवस्थामा तथ्याङ्कले दक्षिण एसियाका लाखौं बालबालिकाको जीवन र कल्याणलाई गर्मी र उच्च तापक्रमका कारण खतरामा पारेको स्पष्ट देखाउँछ।"

संयुक्त राष्ट्रसङ्घले अफगानिस्तान, बङ्गलादेश, भारत, माल्दिभ्स र पाकिस्तानका बालबालिका जलवायु परिवर्तनको प्रभावको 'उच्च जोखिममा' रहेको चेतावनी दिएको छ र एक वर्षमा ८३ वा सोभन्दा बढी दिन अत्यधिक उच्च तापक्रमलाई ३५ डिग्री सेल्सियस (९५ डिग्री फरेनहाइट) भन्दा बढी हुने अवस्थाको रूपमा परिभाषित गरेको छ।

बच्चाहरू तापमान परिवर्तनको लागि छिटो अनुकूलन गर्न सक्दैनन्, र उनीहरूको शरीरबाट अतिरिक्त गर्मी हटाउन सक्षम हुँदैनन्। "साना केटाकेटीहरूले गर्मी सहन सक्दैनन्," विजेसेकेराले भन्नुभयो। "हामीले अहिले नै कदम नचालेमा यी बालबालिकाले आगामी वर्षहरूमा अझ बढी बारम्बार र अझ तीव्र गर्मीको सामना गर्नुपर्नेछ।"

सन् १८०० को दशकको उत्तरार्धदेखि लगभग १.२ डिग्री सेल्सियस को विश्वव्यापी तापक्रम वृद्धि, जीवाश्म ईन्धनको जलनद्वारा सञ्चालित हुने उद्योग तथा कलकारखाना र मोटर तथा मेसिनसम्बन्धी प्रयोगले बारम्बार गर्मीको तरङ्गलाई तातो, लामो र अधिक बनाएको छ, साथै अन्य आँधी र बाढी चरम मौसमी गतिविधिलाई तीव्र बनाएको छ।

युरोप, एसिया र उत्तरी अमेरिकाका केही भागका दशौं लाख मानिसहरूलाई प्रभावित गर्ने विश्वव्यापी तापक्रमका कारण तीव्र गर्मी बढेको जुलाई महिना विश्वव्यापी रूपमा रेकर्ड गरिएको अहिलेसम्मकै सबैभन्दा तातो महिना थियो।

वैज्ञानिकहरूका अनुसार विश्वले पहिले नै उत्सर्जनका कारण उत्पन्न गर्मी र अन्य प्रभावहरूको अनुकूलन गर्न आवश्यक छ र भविष्यमा अझ खराब हुनबाट जोगिन यस दशकमा कार्बन प्रदूषण उत्सर्जनलाई नाटकीय रूपमा घटाउनु पर्छ।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५. आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५२३७६२

जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक

# तेइस ठेकेदार कम्पनी कालोसूचीमा

काठमाडौं, २२ साउन (रासस) ।
विभिन्न सरकारी निकायअन्तर्गतका पूर्वाधार निर्माणका काम र खरिद प्रक्रिया अलपत्र पार्ने २३ ठेकेदार कम्पनी कालोसूचीमा परेका छन् ।

विभिन्न सार्वजनिक निकायबाट कालोसूचीमा राख्नका लागि सिफारिस भइआएबमोजिम २३ कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय भएको खरिद अनुगमन कार्यालयले जनाएको छ । कालोसूचीमा परेको अवधिभर यी कम्पनीहरु अरु कुनै पनि सरकारी निकायको खरिद प्रणालीमा संलग्न हुन पाउने छैनन् ।

कार्यालयका अनुसार सडक डिभिजन कार्यालय हर्कपुर ओखलढुङ्गाको सिफारिसमा पप्पु/कोशी एन्डा न्यौपाने जोइन्ट भेन्चरकम्पनीलाई एक वर्ष छ महिना र पूर्वाधार विकास कार्यालय ललितपुरको काम अलपत्र पार्ने नतासा निर्माण सेवालाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । सडक डिभिजन कार्यालयअन्तर्गत दाङको सिफारिसमा त्रिवेणी निर्माण सेवालाई एक वर्ष, भरतपुरको सिफारिसमा समृद्ध निर्माण सेवालाई एक वर्ष र भक्तपुरको काम अलपत्र पार्ने नवनिर्माण बिल्डर्सलाई डेढ वर्षका लागि कालोसूचीमा राखिएको छ । त्यस्तै सहरी विकास तथा भवन निर्माण विभाग, सङ्घीय आयोजना कार्यान्वयन इकाइ धनुषाको सिफारिस पछि कार्यालयले चेतना/यु. के. एन् जोइन्ट भेन्चर कम्पनीलाई डेढ वर्षका लागि कालोसूचीमा राखेको छ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन सिन्धुलीको काम अलपत्र पारेपछि बि.के.बि कन्स्ट्रक्सन एन्ड सप्लायर्सलाई एक वर्षका लागि, सन्धिखर्क नगरपालिकाको सिफारिसमा ब्लुबर्ड डिजाइन एन्ड कन्स्ट्रक्सनलाई एक वर्ष, सडक डिभिजन कार्यालय इलामको सिफारिसमा बुढाथोकी निर्माण सेवालाई एक वर्ष र सडक डिभिजन भरतपुरको सिफारिसमा तीन कम्पनी नयाँ निर्माण सेवा, शुभम् कन्स्ट्रक्सन र जय भगवती निर्माण सेवालाई एक/एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

भरतपुर महानगरपालिकाको सिफारिसमा अर्भन कन्स्ट्रक्सन लिमिटेडलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ भने भरतपुर महानगरपालिकाकै सिफारिसमा अन्जल निर्माण सेवा एक वर्ष, अनुष्ठान कन्स्ट्रक्सन डेढ वर्ष र युद्ध निर्माण सेवा एक वर्षका लागि कालोसूचीमा परेका छन् ।

त्यस्तै दोलखाको बिगु गाउँपालिकाको काम पूरा नगर्ने लामा बुद्ध निर्माण तथा सामग्री सप्लायर्स प्राइभेट लिमिटेडलाई डेढ वर्ष, तनहुँको व्यास नगरपालिकाको काम अपूरो छोड्ने एक्सन बिल्डर्स प्रालि एक वर्ष र बर्दियाको बारबर्दिया नगरपालिकाको काम अलपत्र पार्ने नुरी कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको खरिद अनुगमन कार्यालयले जनाएको छ ।

# परिचयपत्र वितरणको प्रक्रिया तत्काल सुरु गर्न मुक्त हरवाचरवाहरुको आग्रह

जनकपुरधाम, २२ साउन (रासस) ।
मुक्त हरवाचरवाहरुले तत्काल लगत सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरणको प्रक्रिया थाल्न सरकारलाई आग्रह गरेका छन् ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले आइतबार जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँहरुले न्यायिक पुनःस्थापनालगायतका कार्य गर्न पहिचानसहितको परिचयपत्रका लागि तत्काल प्रक्रिया सुरु गर्न आग्रह गर्नुभएको हो । मुक्त हरवाचरवा एवं अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले वर्षौंदेखि पीडित हरवाचरवा को हुन् र कति छन् भन्ने विषयमा राज्यले थाहा पाउनुपर्ने भन्दै त्यसका लागि तत्काल तथ्याङ्क सङ्कलनको काम हुनुपर्ने बताउनुभयो ।

"बाध्यात्मक रुपमा अरुको घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने गरी काम गरिरहेका कृषि मजदुरहरु (हरवचरवा) ले पुस्तौंदेखि ऋण चुक्ता गर्न बधुवा श्रम गरिरहेका छन् । सरकारले एक वर्षअघि यी सबै बन्धनबाट मुक्तिको घोषणा गरेको थियो तर अहिलेसम्म हामीहरुको अवस्था, सङ्ख्या र आवश्यकता के हो भन्ने विषयमा अध्ययन गरेको छैन । यसकारण म सरकारलाई तत्काल यससम्बन्धी आवश्यक काम गर्न आग्रह गर्दछु", मण्डलले भन्नुभयो ।

त्यसैगरी मुक्त हरवाचरवा श्रीप्रसाद सदाले सरकारले मुक्तिको घोषणा गरेपछि पुनःस्थापनाका काम अगाडि नबढ्दा थप समस्या सिर्जना हुँदै गएको भन्दै यस्तै अवस्था रहे अवस्था विकराल हुने बताउनुभयो । "सरकारले मुक्त घोषणा गरेपछि साहुहरुले काम दिन छोडेका छन् । कतिपयले अहिले पनि बाध्यात्मक अवस्थामा सस्तो मूल्यमा र दैनिक १० केजी धानमा काम गर्नु परिरहेको छ । सरकारले समयमै पुनःस्थापनाका काम नगरेमा हामीहरुलाई हातमुख जोर्नसमेत कठिन हुनेछ", साहले भन्नुभयो, "फेरि पुरानै अवस्था आएमा सरकार र हामी मुक्त हरवाचरवा दुवैका लागि विडम्बना हुनेछ । त्यसैकारण हामी उचित ज्याला र पुनःस्थापनाका काम तत्काल सुरु गर्न सरकारलाई आग्रह गरिरहेका छौं ।" त्यसैगरी अधिकार मञ्चका महासचिव लागेन्द्र सदाले अनियमित ऋणका कारण अझै पनि बँधुवाको रुपमा काम गर्नुपर्ने अवस्था अन्त्यका लागि सरकारले छिटोभन्दा छिटो काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले मधेस प्रदेश सरकारले हरवाचरवालाई लक्षित गरी आव २०८०/८१ को नीति, कार्यक्रम तथा बजेटको व्यवस्था गरेकामा धन्यवाद दिँदै अब त्यसको कार्यान्वनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहयोगी संस्था 'द फ्रिडम फण्ड' का कानूनी सल्लाहकार अधिवक्ता बालाराम भट्टराईले मधेस प्रदेश सरकारले आफ्नो कार्यक्रममा हरवाचरवालाई समेट्नु स्वागतयोग्य भए पनि त्यसको कार्यान्वयनले मात्रै सरकारको संवेदनशीलताबारे मूल्याङ्कन हुने बताउनुभयो । "हरवाचरवा मधेस प्रदेश केन्द्रित राष्ट्रिय समस्या हो । यसको समाधानका लागि प्रदेश सरकारले नै आवश्यक पहलकदमी लिन जरुरी छ । त्यसमा आवश्यक सहयोग र समन्वय गर्न हामी तयार छौँ", भट्टराईको भनाइ छ । त्यसअवसरमा अधिकार मञ्चले हरवाचरवाको लगत सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरणको प्रक्रिया तत्काल सुरु गर्न, नीति, कार्यक्रम र बजेटमा तय गरिएको हरवाचरवा लक्षित कार्यक्रम, हरवाचरवाको एक[?]िन तथ्याङ्कका आधारमा भूमि, आवास, शिक्षा, सीप विकास र स्वास्थ्यमा पहुँच सुनिश्चित गरी प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विपन्न र गरिब लक्षित कार्यक्रममा हरवाचरवालाई प्राथमिकतामा राख्न माग गरेको छ ।

# उद्योगमन्त्री यादवविरुद्ध अख्तियारको अनुसन्धान सुरु

धनुषा, २२ साउन (रासस) ।
मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री र एक कर्मचारी विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान थालेको छ ।

मन्त्री सुनिता यादव र मन्त्रालयका सहायक वन अधिकृत लालबाबु यादवले शङ्कास्पद रकमान्तर गरेको उजुरीपछि आयोगले अनुसन्धान गर्ने निर्णय गरेको हो । प्रदेशका जिल्लाका लागि रेडबुकमा सार्वजनिक भएको योजनाको रकम नियम विपरीत गत आर्थिक वर्ष २०७९/८० को असार मसान्तको अन्त्यतिर मन्त्री यादव र कर्मचारी यादवले कमिसनमा रकमान्तरण गरी अनियमितता गरेको उजुरी दर्ता भएपछि अख्तियारको बर्दिवास कार्यालयले अनुसन्धान अघि बढाउने निर्णय गरेको हो ।

अख्तियारको कार्यालयले उक्त उजुरी सम्बन्धमा १५ दिनभित्र छानबिन गरी प्रतिवेदन बुझाउन उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयलाई यही साउन १४ गते पत्राचार गरिसकेको छ । गत आवको रेडबुकमार्फत सार्वजनिक भएको पर्यटनतर्फको कार्यक्रम पर्यटन विकासबाट सञ्चालन गर्ने भनिएको करिब ४२ करोड बराबरको योजना संशोधन गरी मन्त्री यादवले विभिन्न शीर्षकका दुई सय ६३ नयाँ योजनामा कमिसनका आधारमा नियमविपरीत विनियोजन गरी रकमान्तर गराएको आरोप छ ।

रेडबुकमा सार्वजनिक गरिएको योजना संशोधन गरी पुनः रकमान्तर गर्ने अधिकार नहुँदा पनि मापदण्डविपरीत आव मसान्तको अन्त्यतिर रकमान्तर गरेर भ्रष्टाचार गरेको भन्दै मन्त्री यादव र सहायक वन अधिकृत यादवविरुद्ध उजुरी परेको छ ।

योजनाको पुनः बाँडफाँट गरिएको भनी रकमान्तर गरिएको अधिकृत यादवले टिप्पणी उठाउनुभएको थियो । मन्त्री यादवमाथि रकमान्तर गरिएको सबै योजना १० प्रतिशत कमिसनमा वितरण गरिएको आरोप अख्तियारमा दिइएको उजुरीमा उल्लेख रहेको बुझिएको छ ।

यता अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि मन्त्री यादवले छानबिनमा सघाउन आफू तयार रहेको बताउनुभएको छ । उहाँले आइतबार सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै उक्त आरोपमा कुनै सत्यता नरहेको दाबी गर्नुभएको छ । उहाँले उजुरी हाल्दैमा सबै दोषी ठहर नहुने पनि भन्दै सत्यतथ्य अनुसन्धानका लागि आफू अख्तियारलाई सघाउन तयार रहेको बताउनुभएको छ ।

मन्त्री यादवले फेसबुकमा लेख्नुभएको छ, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा कसैले कसैमाथि पनि विरोध गर्न पाउनु, उजुरी/आरोप लगाउन पाउनु नितान्त सामान्य कुरा हो । यही त लोकतन्त्रको विशेषता पनि हो । उजुरी हाल्दैमा सबै दोषी ठहर हुने पनि हैनन्, प्रमाणित हुनुपर्दछ ।"

उहाँले आफूलाई जोडेर मधेस प्रदेशका जिल्लाका लागि सार्वजनिक भएको रेडबुकमा भएको योजनाको रकम नियमविपरीत रकमान्तर गरी अनियमितता गरेको व्यहोरामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास महोत्तरीमा दर्ता गराइएको उजुरीमा कुनै सत्यता नरहेको दाबी गर्नुभयो । आफू विरुद्धको उजुरी आमजनतालाई भ्रमित पारी आफ्नो चरित्रहत्या गर्ने सुनियोजित योजना मात्र रहेको उहाँको भनाइ छ ।

### उस्तै छ, जातीय ...

राज्यको निर्देशक सिद्धान्तमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्ने भनिएको छ/ । तर संविधानको यो मूल भावना पछिल्लो पटकको प्रतिनिधिसभाको निर्वाचनमा लागू हुन सकेन । अहिले प्रतिनिधि सभामा समानुपातिकबाट निर्वाचित १५ जना र प्रत्यक्षमा १ जना गरी जम्मा १६ जना सांसद दलित समुदायबाट हुनुहुन्छ । यो भनेको जम्मा ५.८१ प्रतिशत हुन आउँछ ।

नेपाली जनताको सङ्घर्षपूर्ण योगदान स्वरुप नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको १४ वर्ष भएको छ । २००७ सालको राजनीतिक परिवर्तन हुँदै २०४६ सालको आन्दोलन, माओवादी जनयुद्ध र २०६२/६३ को जनआन्दोलनपछि संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते राजतन्त्र उन्मूलन गरी नेपालमा गणतन्त्र स्थापना गऱ्यो । मुलुक परिवर्तनमा पटकपटक भएका यी विभिन्न सङ्घर्षमा दलित समुदायको पनि अतुलनीय योगदान रहेको छ । तर उनीहरुको आर्थिक, सामाजिक, राजनीनिक र सांस्कृतिक समस्या भने ज्यूँका त्यूँ छ । २००४ सालदेखि दलित समुदायले सङ्गठित रुपमा विभेदका विरुद्ध आन्दोलन गर्दै आएपनि जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आउन सकेको छैन । सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणको निम्ति सदियौंदेखि जातीय भेदभाव तथा छुवाछूतको पिडा भोग्दै आएको दलित समुदायको मुक्ति नभएसम्म सामाजिक परिवर्तनको खुड्किलो चढ्न सकिँदैन ।

### तीन वर्षभित्र र ...

नियुक्ती गर्ने योजना रहेको जिकिर गरे ।

खेलकुदमा प्रशिक्षकहरुलाई नयाँ प्रविधिसँगै तालिमको व्यवस्था गर्ने जानकारी दिँदै उनले १० औं राष्ट्रिय प्रतियोगितामा मधेश प्रदेशका खेलाडीहरुलाई प्रदेश सरकारले नै प्रशिक्षित गर्ने जनाए ।

सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित उद्घाटन सत्रमा मधेश प्रदेशका सभासद् सतिशकुमार सिंह, मधेश प्रदेश क्रिकेट संघका अध्यक्ष, केन्द्रिय सदस्य लगायतका सप्तरी क्रिकेट संघका सदस्यका तर्फबाट राजेशकुमार झाले शुभकामना व्यक्त गरेका थिए भने संघका सचिव चन्दनकुमार यादवले प्रतिवेदन प्रस्तुत गरेका थिए ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np